## सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा ३ को प्रयोजनको लागि सार्वजनिक गरिएको विवरण

### विभागको नाम : विद्युत विकास विभाग

---

---

### (क) निकायको स्वरुप र प्रकृति

विद्युत विकास विभाग नेपाल सरकारको ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय अन्तर्गत विद्युत विकास सम्बन्धी कार्य गर्ने केन्द्रीयस्तरको विभाग हो।

### (ख) निकायको काम, कर्तव्य र अधिकार

१। विद्युत विकासमा संलग्न हुने निजी क्षेत्रका उद्यमीहरुबाट प्राप्त प्रस्तावहरुको स्थलगत लगायत प्राविधिक, आर्थिक, वातावरणीय अध्ययन तथा मूल्यांकन गर्ने गराउने, निजी क्षेत्रबाट निर्माण गरिने आयोजनाहरुको लागि अनुमतिपत्र दिने, सार्वजनिक निजी क्षेत्रबाट जलविद्युत आयोजनाको विकास र यसको प्रवर्द्धन गर्ने तथा यसको लागि आवश्यक प्रचार प्रसार गर्ने गराउने,

२। निजी क्षेत्र सँग नेपाल सरकालले गर्नु पर्ने विभिन्न सम्झौता आदिमा अध्ययन गरी त्यसको प्रारुप तयार गर्ने गराउने,

३। जलविद्युत उत्पादन तथा प्रसारण आयोजनाहरुका वातावरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणका Terms of Reference र Scoping Document सहितका प्रतिवेदनहरुको पुनरावलोकन गरी स्वीकृतिको लागि आवश्यक सुझाव सहित ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयमा सिफारिश गर्ने,

४। विद्युत विकासमा हालसम्मका प्रविधिहरूका अनुसन्धानका विषयमा अध्ययन गरी नेपालको परिप्रेक्ष्यमा सान्दर्भिकता सन्दर्भमा सिफारिश पेश गर्ने,

५। विद्युत उत्पादन, प्रसारण तथा वितरणको दीर्घकालीन तथा अल्पकालीन योजनाहरु तयार गर्ने गराउने,

६। जल तथा उर्जा आयोगको सचिवालयको समेत सहयोग लिई योजना प्रवर्धन सम्बन्धी विश्लेषण गर्ने, निजी क्षेत्रसँग नेपाल सरकारले गर्नुपर्ने विभिन्न सम्झौता आदिको अध्ययन गरी त्यसको प्रारुप तयार गर्ने,

७। निजी क्षेत्रको सहभागितामा सञ्चालन हुने साना जलविद्युत आयोजना कार्यान्वयनमा आवश्यकता अनुसार प्राविधिक सहायता उपलब्ध गराउने,

८। निजी उद्यमीहरु र नेपाल विद्युत प्राधिकरणवीच समन्वय गर्ने,

९। नदी बेसिनहरुको जलस्रोत सम्बन्धी योजनाहरुको सर्वेक्षण एवं अध्ययन र जलविद्युत तथा बहुउद्देश्यीय आयोजनाहरुको छनौट, सर्वेक्षण तथा पूर्व-सम्भाव्यता अध्ययन कार्यहरुको समन्वय तथा सुपरिवेक्षण कार्यका साथै तत्सम्बन्धी सम्पूर्ण व्यवस्थापन कार्य गर्ने गराउने,

१०। नेपाल सरकारको लगानीका कार्यान्वयनको लागि छनौट भएका आयोजनाहरुको अध्ययन तथा कार्यान्वयन योजना तर्जुमा गर्ने गराउने, राष्ट्रिय विद्युत मागको प्रक्षेपण गर्ने गराउने, विद्युत विकासमा सौर्य, ताप एवं वायु शक्ति यथोचित विकास गर्ने गराउने,

११। वैदेशिक सहायता जुटाउने कार्यका लागि आवश्यक अध्ययन एवं प्रस्ताव तयार गर्ने कार्य गर्ने गराउने, विद्युत आदान प्रदान गर्नका लागि आवश्यक प्राविधिक अध्ययन एव विश्लेषण सम्बन्धी कार्य गर्ने गराउने, विद्युत मागको प्रक्षेपण र विद्युत उत्पादन प्रसारण तथा वितरणको दीर्घकालीन र अल्पकालीन योजनाहरुको सम्बन्धमा गरिएका प्राविधिक अध्ययनहरुको समीक्षा तथा विश्लेषण गरी आवश्यक सिफारिश सुझाव तयार गरी राख्ने,

१२। विद्युत संरचनाको सुरक्षा र त्यस सम्बन्धी जाँचबुझ सम्बन्धी कार्य गर्ने गराउने, विद्युत सेवाको स्तर र विद्युत उत्पादन, प्रसारण एवं वितरणमा उपयोग हुने सामानहरुको स्तर, उपयोग तरीका बारे निर्देशिका तयार गर्ने गराउने र सो अनुसार निरीक्षण गर्ने गराउने, विद्युत विकास गर्ने एवं सेवालाई स्तरीय एवं सुरक्षात्मक बनाउने कार्यहरु गर्ने गराउने,

१३। उत्पादन र वितरण गरिने विद्युतको गुणस्तर निरीक्षण गर्ने, यसका लागि विद्युतको भोल्टेज तथा अन्य प्राविधिक कुराहरुको पालना भए नभएको निरीक्षण गर्ने गराउने, विद्युत उत्पादन केन्द्र, प्रसारणलाईन, रुपान्तरण केन्द्र, उपकेन्द्र, वितरण लाईन वा विद्युत सित सम्बन्धित कुनै संरचनाको सुरक्षाको मापदण्ड तोक्ने र तत्सम्बन्धी कार्य गर्ने गराउने,

१४। विद्युत आयोजनाहरुको उत्पादन, प्रसारण एवं वितरण सम्बन्धमा आवश्यक गुणस्तर निर्धारण गरी सो अनुरुप भए नभएको निरीक्षण गर्ने गराउने, भन्सार महशुल, आयकर तथा अन्य कर, विदेशी विनिमय, जग्गा प्राप्ति र अधिग्रहण तथा अन्य प्रचलित कानून बमोजिम सार्वजनिक तथा निजी उद्यमीहरुलाई सुविधा उपलब्ध गराउने,


१५। अन्तर प्रादेशिक विद्युत सम्बन्धी निकायबीच समन्वयको भूमिका निर्वाह गर्ने ।

## (ग) निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण

| क्र.सं. | पद | श्रेणी/तह | सेवा | समूह | उपसमूह | दरवन्दी |
|---|---|---|---|---|---|---|
| १ | महानिर्देशक | रा.प.प्र. | इन्जिनियरिङ्ग | सिभिल/ईलेक्ट्रिकल /जियो. | हा.पा./ज.इ./ इ.जियो. | १ |
| २ | उप-महानिर्देशक | रा.प.प्र. | इन्जिनियरिङ्ग | सिभिल/ईलेक्ट्रिकल /जियो. | हा.पा./ज.इ./ इ.जियो. | ३ |
| ३ | उप-महानिर्देशक | रा.प.प्र. | इन्जिनियरिङ्ग | ईलेक्ट्रिकल | जन.ईले. | १ |
| ४ | सु.ई. | रा.प.प्र. | इन्जिनियरिङ्ग | सिभिल | हा.पा | २ |
| ५ | सु.ई. | रा.प.प्र. | इन्जिनियरिङ्ग | ईलेक्ट्रिकल | जन.ईले. | १ |
| ६ | सु.ई.जि. | रा.प.प्र. | इन्जिनियरिङ्ग | जियोलोजी | इन्जि. जियो. | १ |
| ७ | उप-सचिव (प्र.) | रा.प.द्वि. | प्रशासन | सामान्य प्रशासन | | १ |
| ८ | उप-सचिव (लेखा) | रा.प.द्वि. | प्रशासन | लेखा | | १ |
| ९ | उप-सचिव (कानून) | रा.प.द्वि. | प्रशासन | कानून | | १ |
| १० | सि.डि.ई. | रा.प.द्वि. | इन्जिनियरिङ्ग | सिभिल | हा.पा. | १५ |
| ११ | सि.डि.ई. | रा.प.द्वि. | इन्जिनियरिङ्ग | ईलेक्ट्रिकल | जन.ईले. | ५ |
| १२ | सि.डि.ई. | रा.प.द्वि. | इन्जिनियरिङ्ग | मेकानिकल | जन.मेका. | २ |
| १३ | सि.डि.ई. | रा.प.द्वि. | इन्जिनियरिङ्ग | जियोलोजी | ईन्जि.जियो. | १ |
| १४ | सि.डि.ई. | रा.प.द्वि. | इन्जिनियरिङ्ग | सिभिल | हाइड्रोलोजी | १ |
| १५ | ईन्जिनियर | रा.प.तृ. | इन्जिनियरिङ्ग | सिभिल | हा.पा. | २७ |
| १६ | ईन्जिनियर | रा.प.तृ. | इन्जिनियरिङ्ग | ईलेक्ट्रिकल | जन.ईले. | १७ |
| १७ | ईन्जिनियर | रा.प.तृ. | इन्जिनियरिङ्ग | सिभिल | हाइड्रोलोजी | १ |
| १८ | ईन्जिनियर | रा.प.तृ. | इन्जिनियरिङ्ग | जियो. | इन्जि. जियो | ३ |
| १९ | ईन्जिनियर | रा.प.तृ. | इन्जिनियरिङ्ग | मेकानिकल | जन.मेका. | ३ |
| २० | शाखा अधिकृत | रा.प.तृ. | प्रशासन | सामान्य प्रशासन | | १ |
| २१ | लेखा अधिकृत | रा.प.तृ. | प्रशासन | लेखा | | १ |
| २२ | कम्प्यु. अधिकृत | रा.प.तृ. | विविध | | | १ |
| २३ | वातावरण विद् | रा.प.तृ. | विविध | | | १ |
| २४ | नायब सुब्बा | रा.प.अनं.प्र. | प्रशासन | सामान्य प्रशासन | | ५ |
| २५ | नायब सुब्बा | रा.प.अनं.प्र. | न्याय | कानुन | | १ |
| २६ | लेखापाल | रा.प.अनं.प्र. | प्रशासन | लेखा | | १ |
| २७ | सव-इन्जिनियर | रा.प.अनं.प्र. | इन्जिनियरिङ्ग | सिभिल | हा.पा. | १ |
| २८ | कम्पयुटर | रा.प.अनं.प्र. | विविध | | | ६ |

| क्र.सं. | पद | श्रेणी/तह | सेवा | समूह | उपसमूह | दरवन्दी |
|---|---|---|---|---|---|---|
| | अपरेटर | | | | | |
| २९ | ड्रा.कम मेकानिक्स | रा.प.अनं.प्र. | इन्जिनियरिङ्ग | मेकानिकल | जन.मेका. | ३ |
| ३० | ह.स. चालक | श्रेणी विहिन | | | | ८ |
| ३१ | का.स. (पियन, पाले, स्वीपर) | श्रेणी विहिन | | | | १० |
| | **जम्मा** | | | | | १२६ |

## विद्युत विकास विभागको संगठन संरचना



## (घ) – (ज) निकायबाट प्रदान गरिने सेवा

| क्र.सं. | (घ)निकायबाट प्रदान गरिने सेवा | (ङ)सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी | (च)सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि | (छ)निर्णय गर्ने प्रकृया र अधिकारी | (ज)निर्णय उपर उजुर सुन्ने अधिकारी |
|---|---|---|---|---|---|
| १ | स्थानीय तहहरुबाट प्राप्त १००० किलोवाट सम्मका विद्युत आयोजनाहरुको Technical Clearance(प्राविधिक स्विकृती) का लागि दिएका दरखास्तहरु उपर कारबाही गर्ने, | अनुमतिपत्र महाशाखा सम्बन्धित इन्जिनियर/ सि.डि.इ/उप-महानिर्देशक | दस्तुर नलाग्ने | सहभागितामूलक प्रकृया<br>महानिर्देशक | महानिर्देशक |
| २ | निजी क्षेत्रको प्रवर्द्धकहरुले १ मेगावाट देखि १०० मेगावाट सम्मका विद्युत उत्पादन, प्रसारण तथा वितरण आयोजनाहरुको अध्ययन र विकासको लागि दिएका सर्वेक्षण/उत्पादनको दरखास्त/प्रस्तावहरु अध्ययन गरी अनुमतिपत्र सम्बन्धी कारवाही गर्ने | अनुमतिपत्र महाशाखा सम्बन्धित इन्जिनियर/ सि.डि.इ/उप-महानिर्देशक | विद्युत नियमावली अनुसार दस्तुर लाग्ने सर्वेक्षण अनुमतिपत्रको हकमा सम्पूर्ण विवरण पुगेको मितिले ३० दिन उत्पादन अनुमतिपत्रको हकमा सम्पूर्ण विवरण पुगेको मितिले १२० दिन | सहभागितामूलक प्रकृया<br>महानिर्देशक | महानिर्देशक |
| ३ | निजी क्षेत्रको प्रवर्द्धकहरुले बहुउद्देश्यीय, जलाशययुक्त तथा १०० मेगावाट भन्दा माथिका विद्युत उत्पादन, प्रसारण तथा वितरण आयोजनाहरुको अध्ययन र विकासको लागि दिएका सर्वेक्षण/उत्पादनको दरखास्त/प्रस्तावहरु अध्ययन गरी अनुमतिपत्र सम्बन्धी करबाहीको लागी मन्त्रालयमा सिफारिश गर्ने | अनुमतिपत्र महाशाखा सम्बन्धित इन्जिनियर/ सि.डि.इ/उप-महानिर्देशक/महानिर्देशक | विद्युत नियमावली अनुसार दस्तुर लाग्ने सर्वेक्षण अनुमतिपत्रको हकमा सम्पूर्ण विवरण पुगेको मितिले ३० दिन उत्पादन अनुमतिपत्रको हकमा सम्पूर्ण विवरण पुगेको मितिले १२० दिन | सहभागितामूलक प्रकृया<br>सचिब (मन्त्रालय) | सचिब (मन्त्रालय) |
| ४ | अध्ययनमा रहेका निजी क्षेत्रका आयोजनाहरुको लागि आवश्यक विदेशी मुद्राको सटही सुविधा सम्बन्धमा सिफारिश गर्ने | अनुमतिपत्र महाशाखा सम्बन्धित इन्जिनियर/ सि.डि.इ/उप-महानिर्देशक | दस्तुर नलाग्ने | सहभागितामूलक प्रकृया<br>महानिर्देशक | महानिर्देशक |
| ५ | निर्माणको चरणमा रहेका निजी क्षेत्रका आयोजनाहरुको लागि आवश्यक विदेशी मुद्राको सटही सुविधा, भन्सार/मू अ कर सुविधा तथा विस्फोटक पदार्थ एवं सुरक्षा सम्बन्धमा सिफारिश गर्ने | सम्बन्धित महाशाखाका इन्जिनियर/ सि.डि.इ/उप-महानिर्देशक | दस्तुर नलाग्ने | सहभागितामूलक प्रकृया | महानिर्देशक |

| क्र.सं. | (घ)निकायबाट प्रदान गरिने सेवा | (ङ)सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी | (च)सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि | (छ)निर्णय गर्ने प्रकृया र अधिकारी | (ज)निर्णय उपर उजुर सुन्ने अधिकारी |
|---|---|---|---|---|---|
| | | | | महानिर्देशक | |
| ६ | अध्ययनमा रहेका निजी क्षेत्रका आयोजनाहरुको वातावरणीय अध्ययन प्रतिवेदनहरु राय/सुझाव सहित कारवाहीको लागि ऊर्जा मन्त्रालयमा पठाउने | सम्बन्धित महाशाखाका इन्जिनियर/ सि.डि.इ/उप-महानिर्देशक | दस्तुर नलाग्ने | सहभागितामूलक प्रकृया<br>महानिर्देशक | महानिर्देशक |
| ७ | निर्माणको चरणमा रहेका निजी क्षेत्रका आयोजनाहरुको लागि आवश्यक सरकारी जग्गा प्राप्ति, विदेशी कामदारहरुको भिसा र श्रम स्वीकृति सम्बन्धमा सिफारिश गर्ने | प्रशासन शाखा<br>शाखा अधिकृत/<br>उप सचिव | दस्तुर नलाग्ने | सहभागितामूलक प्रकृया<br>महानिर्देशक | महानिर्देशक |
| ८ | बिभाग अन्तर्गत सर्बेक्षण एवं अध्ययन का लागी छनौट भएका आयोजनाहरुको सर्बेक्षण तथा आबश्यक अध्ययन कार्यहरुको समन्वय तथा सुपरिवेक्षण कार्यका साथै तत्सम्बन्धी सम्पूरण व्यवस्थापन कार्य गर्ने गराउने। | सम्बन्धित महाशाखाका इन्जिनियर/ सि.डि.इ/उप-महानिर्देशक | स्वीक्रित कार्यक्रम अनुसार हुने | सहभागितामूलक प्रकृया<br>महानिर्देशक | महानिर्देशक |

## (झ) सम्पादन गरेको कामको विवरण

### विद्युत उत्पादन, प्रसारण तथा वितरण आयोजनाहरुको जारी भएको अनुमतिपत्र सम्बन्धी विवरणः

| क्र.सं. | कार्यक्रम | हाल सम्मको विवरण | | २०८३ वैशाख देखि असार सम्मको | |
|---|---|---|---|---|---|
| | | वटा | मे.वा. | वटा | मे.वा. |
| १ | विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र | ३४४ | १४३५२ | ११ | १४९५ |
| २ | विद्युत उत्पादनको अनुमतिपत्र (निर्माणाधिन ) | २९५ | १२४२० | १४ | १५३३ |
| ३ | प्रसारण लाईन सर्वेक्षण अनुमतिपत्र | | | | |
| | भोल्टेज लेवल (के.भी.) | वटा | लम्बाई (कि.मी.) | वटा | लम्बाई (कि.मी.) |
| | ४०० | ९ | ३८६.९ | - | - |
| | २२० | २९ | ८४४.७ | १ | १२ |
| | १३२ | ५६ | १०८०.४ | ७ | ९८.८ |
| | ३३/६६ | ५३ | ३८२.६ | २२ | ९४.५ |
| ४ | प्रसारण लाईन निर्माण अनुमतिपत्र | | | | |
| | भोल्टेज लेवल (के.भी.) | वटा | लम्बाई (कि.मी.) | वटा | लम्बाई (कि.मी.) |
| | ४०० | १५ | १४२१ | | |
| | २२० | ३४ | ११८४.९ | | |
| | १३२ | १२८ | २५९१.१ | २ | ३२.८ |
| | ६६ | ६ | २१.२ | | |
| | ३३ | १११ | ११६५.४ | ५ | २८.५ |
| | ११ | | | | |

### ५. हालसम्म सञ्चालनमा आएका विद्युत आयोजनाहरुः

| | जलविद्युत | | सौर्य विद्युत | | तापीय विद्युत | | सह-उत्पादन | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | वटा | मे.वा. | वटा | मे.वा. | वटा | मे.वा. | वटा | मे.वा. | वटा | मे.वा. |
| १ मे.वा भन्दा साना | १९ | १५.२ | १ | ०.७ | - | - | - | - | २० | १५.९ |

## २०८३ वैशाख देखि असार मसान्तसम्म

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ मे.वा भन्दा ठूला | १९७ | ३९१५.७ | २६ | १५४ | २ | ५३.४ | २ | ६ | २२७ | ४१२९.१ |
| **जम्मा** | **२१६** | **३९३०.९** | **२७** | **१५४.७** | **२** | **५३.४** | **२** | **६** | **२४७** | **४१४५** |

## निर्माणको चरणमा रहेका निजी क्षेत्रका आयोजनाहरुको लागि आवश्यक विदेशी मुद्राको सटही सुविधा, भन्सार/मुल्य अभिवृद्धि कर सुविधा तथा विस्फोटक पदार्थ एवं सुरक्षा सम्बन्धमा सिफारिश सम्बन्धीः

| **क्र.सं.** | **कार्य** | **आ.व. २०८१-८२ को विवरण** | **२०८३ वैशाख-असारसम्मको विवरण** |
|---|---|---|---|
| १ | भन्सार महशुल तथा मु. अ. कर छुट सिफारिश (वटा) | ८०९ | २२० |
| २ | सटही सुबिधा सिफारिश (वटा) | ८३ | १४ |
| ३ | रोयल्टी संकलन (ने.रू.) | ३,९३,७७,१०,७८३.१२ | २,५३,५९,७९,७८५.६९ |

## (ञ) सूचना अधिकारी र प्रमुखको नाम र पद

१. विभागीय प्रमुख
नामः मन देवी श्रेष्ठ
पदः महानिर्देशक

२. सूचना अधिकारी
नामः बद्री कुइकेल
पदः सिनियर डिभिजनल इन्जिनियर

## (ट) ऐन, नियम र निर्देशिकाको सूची

***ऐनहरु:***

1. विद्युत ऐन, २०४९
2. जलस्रोत ऐन, २०४९
3. सार्वजनिक खरीद ऐन, २०६३
4. निजामति सेवा ऐन, २०४९
5. सूचनाको हक सम्बन्धी ऐन, २०६४
6. वातावरण संरक्षण ऐन, २०७६
7. स्थानीय सरकार सञ्चालन ऐन, २०७४
8. सुशासन ऐन, २०६४

9. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६
10. श्रम ऐन, २०७४

*नियमावलीहरु:*

1. विद्युत नियमावली, २०५०
2. जलस्रोत नियमावली, २०५०
3. सार्वजनिक खरीद नियमावली, २०६४
4. निजामति सेवा नियमावली, २०५०
5. सूचनाको हक सम्बन्धी नियमावली, २०६५
6. वातावरण संरक्षण नियमावली, २०७७
7. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७
8. सुशासन नियमावली, २०६५
9. श्रम नियमावली, २०७५

*निर्देशिकाहरु:*

1. विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५
2. ग्रीड कनेक्टेड बैकल्पिक विद्युत ऊर्जा बिकास सम्बन्धी कार्यविधि, २०७८
3. विद्युत आयोजनाको लागि विदेशी विनिमय सुविधा सिफारिश सम्बन्धी निर्देशिका, २०७४
4. जल विद्युत तथा प्रसारण आयोजनाहरुको प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मुल्यांकन सम्बन्धी कार्यविधि, २०७३
5. जल विद्युत आयोजना विकास सम्झौता सम्बन्धी कार्यविधि,२०६९
6. Guidelines for Study of Hydropower Projects, 2018
7. Power House Design Guidelines for Hydropower Projects, 2018
8. Guidelines for Operation and Maintenance of Hydropower Plants, Substations and Transmission Lines, 2017
9. Guideline for Power System Optimization of Hydropower Projects, 2015
10. Design Guidelines for Headworks of Hydropower Projects
11. Design Guidelines for Water Conveyance System of Hydropower Projects
12. Guidelines for Estimation for Explosive Quantity for Hydro Tunnel Construction (2025)

२०८३ वैशाख देखि असार मसान्तसम्म

**सूचनाको हक सम्बन्धी नियमावली, २०६५ (दोस्रो संशोधन, २०७०) को दफा ३ बमोजिम सूचिकृत गरी प्रकाशित गरिएको विवरणः**

## क) अघिल्लो आर्थिक वर्षमा संचालन गरेको कार्यक्रम वा आयोजना

| क्र.सं. | कार्यक्रम/आयोजना |
|---|---|
| १ | विद्युत विकास विभाग |
| २ | जलविद्युत आयोजना अध्ययन |
| ३ | सप्तकोशी बहुउद्देश्यीय आयोजना |
| ४ | पंचेश्वर बहुउद्देश्यीय आयोजना |
| ५ | बुढीगंगा जलविद्युत आयोजना |

## ख) वेबसाईटको विवरणः http://www.doed.gov.np

## ख (१) सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग

| क्र.सं. | आयोजना | दातृ राष्ट्र | सहयोगको किसिम | कैफियत |
|---|---|---|---|---|
| १ | सप्तकोशी उच्च बाँध वहुउद्देशीय आयोजना | भारत | अनुदान | डि.पि.आर तयार गर्ने |
| २ | बुढीगंगा जलविद्युत आयोजना | कुवेत | ऋण | अध्ययन तथा निर्माण गर्ने |
| | | सउदी अरब | ऋण | |

## ख (२) आ.ब. २०८२/०८३ मा संचालन गरेको कार्यक्रम र सो को चौथो त्रैमासिकसम्मको प्रगति विवरणः

| सि.न. | कार्यक्रम /आयोजनाको नाम | बजेट उपशिर्षक | वार्षिक बजेट (रू.लाख) | चौथो त्रैमासिक सम्मको खर्च (रू.लाख) | चौथो त्रैमासिक प्रगति | |
|---|---|---|---|---|---|---|
| | | | जम्मा | जम्मा | भौतिक | वित्तीय |
| १ | विद्युत विकास विभाग | ३०८०१०११ | ११७०.८ | ९१६.७९ | ८०.२१% | ७९.६८% |
| २ | जलविद्युत आयोजना अध्ययन | ३०८०११०४ | ३५६६ | २४३४.९० | ८४.००% | ८१.४०% |
| ३ | सप्तकोशी बहुउद्देश्यीय आयोजना | ३०८०११०२ | ६०२ | २३१.४८ | १२२.३०% | १२७.७५% |

| सि.न. | कार्यक्रम /आयोजनाको नाम | बजेट उपशिर्षक | वार्षिक बजेट (रू.लाख) | चौथो त्रैमासिक सम्मको खर्च (रू.लाख) | चौथो त्रैमासिक प्रगति | |
|---|---|---|---|---|---|---|
| | | | जम्मा | जम्मा | भौतिक | वित्तीय |
| ४ | पंचेश्वर बहुउद्देश्यीय आयोजना | ३०८०११०३ | १२५ | ५०.५७ | ६९.००% | ६५.७५% |
| ५ | बुढीगंगा जलविद्युत आयोजना | ३०८०११०६ | २६५२७ | ६४७६.९९ | ३.००% | ५.२३% |

**ख (३) वर्गीकृत र संरक्षित सूचनाको नामावली र समयावधी :** हाल उपलब्ध नभएको, आवश्यकता अनुसार कारवाही हुने ।

**ख (४)सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषयः** माग भएको विवरण ऐन तथा नियमावली बमोजिमको समयमा उपलब्ध गराइएको ।

**ग) सूचना अन्यत्र प्रकाशनको व्यवस्थाः**

विद्युत विकास विभाग स्थापनाको ३३ औं वर्ष पुरा भएको अवसरमा मिति २०८३/०४/०१ मा प्रकाशित भएको ३३ औं वार्षिकोत्सव स्मारिका — २०८३